# कार्बन व्यापार नियमावली, २०८२

नेपाल राजपत्रमा प्रकाशित मिति
२०८२।०८।२२

## संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर २९

वातावरण संरक्षण ऐन, २०७६ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "कार्बन व्यापार नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अनुरूप समायोजन" भन्नाले कार्बन क्रेडिट बिक्री गर्ने राष्ट्रले बिक्री गरेको मात्रा आफ्नो रजिष्ट्रीबाट घटाई खरिद गर्ने राष्ट्रले खरिद गरेको मात्रा आफ्नो रजिष्ट्रीमा जोडी दोहोरो गणना नहुने गरी गणना गर्ने विधि (कोरेसपोन्डिङ एडजस्टमेन्ट) सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले नियम ४ को उपनियम (३) बमोजिमको क्षेत्रसँग सम्बन्धित कार्बन व्यापारमा भाग लिने आयोजना सम्झनु पर्छ।

(ग) "आयोजना अवधारणापत्र" भन्नाले नियम ५ बमोजिमको आयोजना अवधारणापत्र सम्झनु पर्छ।

(घ) "आयोजना दस्तावेज" भन्नाले नियम ७ बमोजिमको आयोजना दस्तावेज सम्झनु पर्छ।

(ङ) “उत्सर्जन न्यूनीकरण” भन्नाले हरितगृह ग्यासको उत्सर्जन घटाउने वा वायुमण्डलमा भएको कार्बन अवशोषण बढाउने प्रक्रिया वा क्रियाकलाप सम्झनु पर्छ।

(च) "ऐन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ सम्झनु पर्छ।

(छ) “कार्बन” भन्नाले पृथ्वीको सतहको तापक्रम वृद्धि गर्न सघाउ पुऱ्याउने कार्बनडाइअक्साइड, मिथेन र नाइट्रस अक्साइड सम्झनु पर्छ र सो शब्दले अन्य हरितगृह ग्यासलाई समेत जनाउँछ।

(ज) “कार्बन क्रेडिट” भन्नाले हरित गृह ग्यासको उत्सर्जन न्यूनीकरण भएको परिमाणलाई मापन गर्ने एकाइ सम्झनु पर्छ र सो शब्दले प्रत्येक कार्बन क्रेडिटमा एक टन कार्बनडाइअक्साइड वा सो बराबरको अन्य हरितगृह ग्यास उत्सर्जन घटाउने कार्यलाई समेत जनाउँछ।

(झ) “कार्बन व्यापार” भन्नाले ऐन तथा यस नियमावली बमोजिम पेरिस सम्झौता बमोजिमको कार्बन क्रेडिटिङ गर्ने संयन्त्र अन्तर्गत रहेर वा स्वैच्छिक कार्बन बजारमा कार्बन क्रेडिटको खरिद बिक्री गर्ने काम सम्झनु पर्छ।

(ञ) “निर्देशक समिति” भन्नाले नियम २२ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ट) “निर्धारित राष्ट्रिय निकाय” भन्नाले नियम २१ बमोजिमको निर्धारित राष्ट्रिय निकाय (डेजिग्नेटेड नेसनल अथोरिटी) सम्झनु पर्छ।

(ठ) "पेरिस सम्झौता" भन्नाले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रारूप महासन्धि (युनाइटेड नेसन्स फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट चेन्ज) अन्तर्गतको सन् २०१५ मा पेरिसमा सम्पन्न भएको पेरिस सम्झौता सम्झनु पर्छ ।

(ड) "प्रस्तावक" भन्नाले कार्बन व्यापारमा भाग लिनको लागि आयोजना विकास गर्ने देहायको कम्पनी, संस्था वा निकाय सम्झनु पर्छ :-

(१) नेपालमा दर्ता भएको कम्पनी,

(२) विदेशी कुनै कम्पनी र नेपालमा दर्ता भएको कम्पनीको संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर), वा

(३) प्रचलित सङ्घीय ऐन बमोजिम स्थापना भएका संस्था वा निकाय वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्वमा रहेका सरकारी संस्था वा निकाय।

(ढ) "रजिष्ट्री" भन्नाले नियम १३ बमोजिमको राष्ट्रिय कार्बन रजिष्ट्री सम्झनु पर्छ।

(ण) "राष्ट्रिय निर्धारित योगदान" भन्नाले कार्बन उत्सर्जन न्यूनीकरण तथा जलवायु अनुकूलनको लागि नेपालले पेरिस सम्झौता बमोजिम प्रतिबद्धता व्यक्त गरेको राष्ट्रिय निर्धारित योगदान (नेसनल्ली डिटरमाइन्ड कन्ट्रिब्युसन) सम्झनु पर्छ।

(त) "व्यवस्थापन समिति" भन्नाले नियम २५ बमोजिमको कार्बन व्यापार व्यवस्थापन समिति सम्झनु पर्छ।

(थ) "क्षेत्रगत मन्त्रालय" भन्नाले अनुसूची-१ बमोजिमका क्षेत्रसँग सम्बन्धित नेपाल सरकारका मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्बन व्यापार प्रक्रिया

३. **कार्बन व्यापारमा भाग लिनसक्ने** : (१) नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितीकरणका लागि अन्तरराष्ट्रिय सन्धिबाट स्थापित संयन्त्र वा विदेशी सरकार वा संस्था वा व्यावसायिक निकाय वा निजी क्षेत्रसँग द्विपक्षीय सम्झौता गरी ऐनको दफा २८ बमोजिम कार्बन व्यापारमा भाग लिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको सम्झौता गरेको कुनै संयन्त्र, सरकार, संस्था, व्यावसायिक निकाय वा निजी क्षेत्रले कार्बन व्यापार गर्नको लागि प्रस्ताव पेस गर्न आह्वान

गरेमा नेपाल सरकारले प्रस्ताव पेस गरी सोही बमोजिम कार्बन व्यापारमा भाग लिन सक्नेछ।

(३) नेपाल सरकारले कुनै विदेशी सरकारसँग एक अर्का मुलुकका व्यावसायिक संस्था वा निकायबिच कार्बन व्यापार गर्न सकिने गरी द्विपक्षीय सम्झौता गरेकोमा सो सम्झौता बमोजिम त्यस्तो व्यावसायिक संस्था र निकायबिच कार्बन व्यापार हुन सक्नेछ ।

(४) उपनियम (१) वा (३) बमोजिमको कार्बन व्यापारबाट प्राप्त हुने लाभको बाँडफाँड नेपाल सरकार र त्यस्तो कार्बन व्यापार गर्ने संयन्त्र, सरकार, संस्था, व्यावसायिक निकाय वा निजी क्षेत्र बिच भएको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(५) नेपाल सरकारले कार्बन व्यापार गर्दा प्राप्त लाभ नेपाल सरकारको सञ्चित कोष वा उपनियम (१) वा (३) बमोजिमको सम्झौतामा उल्लेख भए बमोजिमको कोषमा जम्मा गरी त्यस्तो सम्झौतामा उल्लेख भए बमोजिम खर्च गर्नु पर्नेछ।

(६) नेपाल सरकारले विकास गरेका आयोजनाको हकमा उपनियम (१) वा (३) बमोजिमको सम्झौता बमोजिम मन्त्रालयले स्वीकृतिपत्र जारी गर्नेछ ।

(७) यस नियम बमोजिम कार्बन व्यापार गर्दा कार्बन क्रेडिटको स्वामित्व हस्तान्तरण र अनुरूप समायोजन गर्ने व्यवस्था उपनियम (१) वा (३) बमोजिमको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

४. **नेपाल सरकारमार्फत कार्बन व्यापार गर्नसक्ने** : (१) प्रस्तावकले यस नियमावली बमोजिम नेपाल सरकारमार्फत कार्बन व्यापारमा भाग लिन सक्नेछ।

(२) उपनियम (१) को प्रयोजनको लागि प्रस्तावकले विकास गरेको आयोजनाबाट उत्पत्ति भएको कार्बन क्रेडिट रजिष्ट्रीमा अभिलेख भई सो कार्बन क्रेडिटको बिक्री गरी हस्तानान्तरण भएमा नेपाल सरकार मार्फत कार्बन व्यापार भएको मानिनेछ।

(३) प्रस्तावकले अनुसूची-१ बमोजिमका क्षेत्रमध्ये कुनै क्षेत्रमा आयोजना विकास गरी कार्बन व्यापार गर्न सक्नेछ।

५. **आयोजना अवधारणापत्र तयार गर्नुपर्ने** : (१) कार्बन व्यापार गर्न चाहने प्रस्तावकले अनुसूची-१ मा उल्लिखित क्षेत्रमध्ये कुनै क्षेत्रमा रहेर अनुसूची -२ बमोजिमको ढाँचामा आयोजना अवधारणापत्र तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तयार गरेको आयोजना अवधारणापत्र साथ प्रस्तावकले देहायका कागजात संलग्न गरी सिफारिसको लागि वन सम्बन्धी आयोजनाको हकमा मन्त्रालय मातहतको रेड कार्यान्वयन केन्द्रमा र सो बाहेकका अन्य आयोजनाको हकमा आयोजनासँग सम्बन्धित क्षेत्रगत मन्त्रालयमा निवेदन दिनु पर्नेछ :-

(क) प्रस्तावक कम्पनी भए कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) प्रस्तावक विदेशी कम्पनी र नेपाली कम्पनीको संयुक्त उपक्रम भएमा सोको विवरण र त्यस्तो विदेशी कम्पनीको नेपालमा संस्थापना भएको कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा आय विवरण पेस गरेको वा आय विवरण पेस गर्ने म्याद थप गरेको कागजात, निस्सा वा प्रमाणको प्रमाणित प्रतिलिपि,

(ङ) जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रारूप महासन्धि र सो अन्तर्गतका सम्झौता वा संयन्त्रले अन्य कुनै विवरण र कागजात निर्धारण गरेको भएमा सोको आधारमा मन्त्रालयले निर्धारण गरेको विवरण तथा कागजात,

(च) आयोजना कार्यान्वयन हुने सम्बन्धित स्थानीय तहको सिफारिसपत्र, र

(छ) आयोजनाको बारेमा प्रस्तावकले खुलाउन चाहेको अन्य विवरण सम्बन्धी कागजात।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त हुन आएमा वन सम्बन्धी आयोजना भएमा मन्त्रालय मातहतको रेड कार्यान्वयन केन्द्रले र सो बाहेकको अन्य आयोजनाको हकमा आयोजनासँग सम्बन्धित निकायले क्षेत्रगत मन्त्रालयले पन्ध्र दिनभित्र सम्बन्धित प्रस्तावकलाई आयोजना अवधारणापत्रको प्रक्रिया अघि बढाउन सिफारिसपत्र दिनु पर्नेछ।

नेपाल कानून आयोग

६. **<u>आयोजना अवधारणापत्रको मूल्याङ्कन र सहमति</u>** : (१) नियम ५ को उपनियम (३) बमोजिम सिफारिसपत्र प्राप्त भएपछि प्रस्तावकले आयोजना दस्ताबेज तयार गर्ने सहमतिको लागि त्यस्तो सिफारिसपत्र सहितको आयोजना अवधारणापत्र मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम आयोजना अवधारणापत्र पेस भएपछि मन्त्रालयले सो अवधारणापत्र मूल्याङ्कनका लागि व्यवस्थापन समितिमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम आयोजना अवधारणापत्र प्राप्त भएपछि त्यस्तो आयोजनाको आवश्यकता तथा औचित्यताको सम्बन्धमा थप प्रष्ट हुनुपर्ने देखेमा व्यवस्थापन समितिले प्रस्तावकलाई आयोजना अवधारणापत्रको विषयमा प्रस्तुतीकरण गर्न लगाउन सक्नेछ।

(४) उपनियम (२) बमोजिम प्राप्त आयोजना अवधारणापत्र व्यवस्थापन समितिले आयोजनाको दोहोरोपना नहुने गरी देहायको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ :-

(क) नेपाल सरकारले कार्बन न्यूनीकरणमा गरेको प्रतिबद्धता,

(ख) आयोजना कार्यान्वयन गरिने प्रस्तावित भौगोलिक क्षेत्रको विवरण तथा लाभग्राहीको विवरण,

(ग) सामाजिक, आर्थिक र वातावरणीय पक्ष,

(घ) राष्ट्रिय निर्धारित योगदान तथा दिगो विकासका लक्ष्यसँगको आबद्धता, र

(ङ) उपनियम (३) बमोजिम प्रस्तुतीकरण गर्न लगाएकोमा त्यस्तो प्रस्तुतीकरणबाट स्पष्ट पारिएको विषय।

(५) उपनियम (४) बमोजिम आयोजना अवधारणापत्रको मूल्याङ्कन गर्दा आयोजना अवधारणापत्रमा सुधार गर्नुपर्ने देखिएमा व्यवस्थापन समितिले सुधार गर्नुपर्ने विषय उल्लेख गरी त्यस्तो विषय सुधार गर्न प्रस्तावकलाई बढीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ।

(६) उपनियम (४) बमोजिम मूल्याङ्कन भई सिफारिसको लागि योग्य भएका वा उपनियम (५) बमोजिम सुधार भई आएका योग्य आयोजना अवधारणापत्रलाई व्यवस्थापन समितिले आयोजना दस्ताबेज तयार गर्ने सहमतिको लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम व्यवस्थापन समितिबाट सिफारिस भई आएको आयोजना अवधारणापत्र मन्त्रालयले पन्ध्र दिनभित्र स्वीकृत गरी प्रस्तावकलाई आयोजना दस्ताबेज तयार गर्न सहमतिपत्र प्रदान गर्नेछ।

(८) उपनियम (७) बमोजिम प्रदान गरिने सहमतिपत्रको ढाँचा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

७. **<u>आयोजना दस्ताबेज तयार गर्नुपर्ने</u>** : (१) नियम ६ को उपनियम (७) बमोजिम सहमतिपत्र प्राप्त भएको मितिले एक वर्षभित्र प्रस्तावकले अनुसूची-३ बमोजिमको ढाँचामा आयोजना दस्ताबेज तयार गरी सोसाथ देहायका कागजात संलग्न गरी सिफारिसको लागि वन सम्बन्धी आयोजनाको हकमा मन्त्रालय मातहतको रेड कार्यान्वयन केन्द्रमा र सो बाहेकका अन्य आयोजनाको हकमा सम्बन्धित क्षेत्रगत मन्त्रालयमा पेस गर्नु पर्नेछ :-

(क) प्रस्तावकको अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा आय विवरण पेस गरेको वा आय विवरण पेस गर्ने म्याद थप गरेको कागजात, निस्सा वा प्रमाणको प्रमाणित प्रतिलिपि,

(ख) प्रस्तावकलाई आयोजना दस्ताबेज तयार गर्न आयोजना अवधारणापत्रमा मन्त्रालयले दिएको सहमतिपत्र।

(२) उपनियम (१) बमोजिमको समयावधिभित्र प्रस्तावकले आयोजना दस्ताबेज तयार गर्न नसकेमा सोको आधार र कारण खुलाई थप समय माग गरेमा औचित्यको आधारमा मन्त्रालयले बढीमा एक वर्षसम्म समयावधि थप गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिमको अवधिभित्र आयोजना दस्ताबेज पेस गर्न नसक्ने प्रस्तावकको नियम ६ को उपनियम (७) बमोजिम दिइएको सहमतिपत्र स्वतः रद्द हुनेछ।

(४) उपनियम (५) बमोजिम सहमतिपत्र रद्द भएमा सोको जानकारी सचिवालयले प्रस्तावकलाई दिनु पर्नेछ।

(५) उपनियम (१) बमोजिम पेस भएको आयोजना दस्ताबेजर सो साथ संलग्न कागजातको आधारमा वन सम्बन्धी आयोजनाको हकमा मन्त्रालय मातहतको रेड कार्यान्वयन

केन्द्रले र सो बाहेकका अन्य आयोजनाको हकमा क्षेत्रगत मन्त्रालयले पन्ध्र दिनभित्र आयोजना दस्तावेज सम्बन्धी सिफारिसपत्र दिनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम मन्त्रालय मातहतको रेड कार्यान्वयन केन्द्र वा क्षेत्रगत मन्त्रालयले सिफारिस गरेको आयोजना दस्तावेज साथ त्यस्तो सिफारिसपत्र संलग्न गरी प्रस्तावकले आयोजना दस्तावेज मूल्याङ्कन र स्वीकृतिको लगि मन्त्रालयमा पेस गर्नु पर्नेछ।

८. **आयोजना दस्तावेजको मूल्याङ्कन र स्वीकृति** : (१) नियम ७ को उपनियम (६) बमोजिम पेस भएको सिफारिसपत्र सहितको आयोजना दस्तावेज मूल्याङ्कनको लागि मन्त्रालयले व्यवस्थापन समितिमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त आयोजना दस्तावेजलाई व्यवस्थापन समितिले देहायका आधारमा आयोजनाको दोहोरोपना नहुने गरी मूल्याङ्कन गर्नेछ :-

(क) नेपाल सरकारले कार्बन न्यूनीकरणमा गरेको प्रतिबद्धतासँगको आबद्धता र सान्दर्भिकता,

(ख) कार्बन क्रेडिटको परिमाण तथा समयावधि,

(ग) भौगोलिक क्षेत्रको विवरण,

(घ) जलवायु जोखिममा रहेका तथा आयोजना सञ्चालन तथा कार्यान्वयन हुने क्षेत्र र सो क्षेत्रका समुदायले पाउने लाभ,

(ङ) आयोजना कार्यान्वयन गर्दा सामाजिक, आर्थिक तथा वातावरणीय पक्षमा पार्ने असर र प्रभाव,

(च) राष्ट्रिय निर्धारित योगदान र दिगो विकासको लक्ष्यसँगको आबद्धता, र

(छ) राज्य र समुदायलाई पर्न सक्ने प्रत्यक्ष वा अप्रत्यक्ष व्ययभार तथा अन्य असर।

(३) उपनियम (२) बमोजिमको मूल्याङ्कनको क्रममा निर्धारित राष्ट्रिय निकायको रोष्टरमा रहेका सम्बन्धित विषयका विज्ञहरूमध्ये बढीमा दुई जना विज्ञलाई व्यवस्थापन समितिले आफ्नो बैठकमा आमन्त्रण गरी निजहरूबाट स्वतन्त्र मूल्याङ्कन गराउन सक्नेछ।

(४) व्यवस्थापन समितिले आयोजना दस्तावेज मूल्याङ्कनको क्रममा आवश्यक देखेमा आयोजना विकास हुने क्षेत्रसँग सम्बन्धित मन्त्रालयको राय परामर्श लिन सक्नेछ।

(५) उपनियम (२) र (३) बमोजिमको मूल्याङ्कनबाट आयोजना दस्ताबेजमा सुधार गर्नु पर्ने देखिएमा व्यवस्थापन समितिले सुधार गर्नुपर्ने विषयहरू खुलाई सुधार गर्नको लागि प्रस्तावकलाई लिखित रूपमा सुझाब दिनु पर्नेछ र त्यसरी सुझाब प्राप्त भएमा प्रस्तावकले आयोजना दस्ताबेजमा त्यस्तो सुझाव समावेश गर्नु पर्नेछ।

(६) यस नियम बमोजिमको मूल्याङ्कनबाट उपयुक्त देखिएका आयोजना दस्ताबेज स्वीकृतिको लागि व्यवस्थापन समितिले मन्त्रालयसमक्ष सिफारिस गर्नु पर्नेछ।

(७) यस नियम बमोजिमको मूल्याङ्कनबाट स्वीकृतिको लागि सिफारिस प्रदान गर्न उपयुक्त नदेखिएका आयोजना दस्ताबेजको हकमा सोको आधार र कारण खुलाई सचिवालय मार्फत प्रस्तावकलाई जानकारी दिनु पर्नेछ।

(८) उपनियम (६) बमोजिम स्वीकृतिको लागि व्यवस्थापन समितिबाट सिफारिस भएको आयोजना दस्ताबेज मन्त्रालयले पन्ध्र दिनभित्र स्वीकृत गर्नेछ।

९. **आयोजना दस्तुर र स्वीकृतिपत्र** : (१) नियम ८ को उपनियम (८) बमोजिम आयोजना दस्ताबेज स्वीकृत भएपछि सचिवालयले प्रस्तावकलाई स्वीकृतिको जानकारी दिनु पर्नेछ र प्रस्तावकले सो को जानकारी प्राप्त भएपछि देहाय बमोजिमको दस्तुर बुझाउनु पर्नेछः-

(क) लघु आयोजना (अनुमानित वार्षिक कार्बन क्रेडिट बिस हजार टन भन्दा कम) को हकमा पच्चिस हजार रुपैयाँ,

(ख) साना तथा मझौला आयोजना (अनुमानित वार्षिक कार्बन क्रेडिट बिसदेखि साठी हजार टनसम्म) को हकमा पचास हजार रुपैयाँ,

(ग) ठूला आयोजना (अनुमानित वार्षिक कार्बन क्रेडिट साठी हजार टनभन्दा बढी) को हकमा एक लाख रुपैयाँ।

(२) प्रस्तावकले उपनियम (१) बमोजिमको दस्तुर बुझाएको सात दिनभित्र मन्त्रालयले आयोजना दस्ताबेज बमोजिम आयोजना अघि बढाउन प्रस्तावकलाई मन्त्रालयबाट निर्धारित ढाँचामा स्वीकृतिपत्र प्रदान गर्नेछ।

(३) उपनियम (२) बमोजिम स्वीकृतिपत्र प्राप्त प्रस्तावकले पेरिस सम्झौता बमोजिमको कार्बन क्रेडिटिङ गर्ने संयन्त्र (क्रेडिटिङ मेकानिज्म) अन्तर्गत कार्बन व्यापार गर्ने भएमा त्यस्तो संयन्त्रमा आयोजना दर्ता गरी मन्त्रालयलाई जानकारी दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम दर्ता गरेको जानकारी प्राप्त भएपछि मन्त्रालयले प्रस्तावकलाई आयोजना रजिष्ट्रेसन नम्बर प्रदान गर्नेछ।

(५) यस नियम बमोजिम स्वीकृतिपत्र प्राप्त आयोजनाको अवधि पाँच वर्षको हुनेछ।

(६) आयोजना कार्यान्वयन गर्ने अवधि पाँच वर्षभन्दा बढी समय लाग्ने भएमा प्रस्तावकले पहिलो पटकको पाँच वर्षको लागि दोब्बर दस्तुर र दोस्रो पटकको पाँच वर्षको लागि तेब्बर दस्तुर बुझाई बढीमा आयोजनाको अवधि पन्ध्र वर्ष ननाघ्ने गरी दुई पटक स्वीकृतिपत्र नवीकरण गराउन सक्नेछ ।

१०. **आयोजना कार्यान्वयन गर्नु पर्ने** : (१) प्रस्तावकले आयोजना दस्तावेज स्वीकृत भएको मितिले एक वर्षभित्र आयोजना कार्यान्वयन सुरु गरी सोको जानकारी मन्त्रालयमा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको समयावधिभित्र प्रस्तावकले आयोजना कार्यान्वयन सुरु गर्न नसकेमा आयोजना सुरु गर्न नसकेको औचित्य पुष्टि हुने प्रमाणसहित मन्त्रालयमा म्याद थपको लागि निवेदन दिएमा मन्त्रालयले व्यवस्थापन समितिको सिफारिसमा बढीमा एक वर्षको लागि म्याद थप गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिमको अवधिभित्र आयोजना कार्यान्वयनको जानकारी प्राप्त नभएमा मन्त्रालयले त्यस्तो जानकारी उपलब्ध नगराउने प्रस्तावकबाट पैंतिस दिनभित्र आयोजनाको प्रगति विवरण माग गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम आयोजनाको प्रगति विवरण माग गर्दा प्रस्तावकले प्रगति विवरण नपठाएमा वा आयोजना कार्यान्वयन अवस्थाको जानकारी नदिएको अवस्थामा मन्त्रालयको वेबसाइटमा मन्त्रालयले पुनः पैंतिस दिनको सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(५) उपनियम (३) वा (४) बमोजिमको समयावधिभित्र प्रस्तावकले पठाएको आयोजनाको प्रगति विवरण र आयोजनाको अवस्था हेर्दा आयोजना कार्यान्वयन सुरु भएको नदेखिएमा वा सो समयावधिभित्र कुनै प्रगति विवरण वा जानकारी प्राप्त नभएमा मन्त्रालयले प्रस्तावकलाई दिइएको आयोजना दस्तावेजको स्वीकृतिपत्र रद्द गर्न सक्नेछ।

तर स्वीकृतिपत्र रद्द गर्नु अघि प्रस्तावकलाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

११. **सम्झौता गर्नु पर्ने** : (१) आयोजना दस्ताबेज कार्यान्वयन गर्दा प्रस्तावकले कार्बन उत्सर्जन न्यूनीकरणमा योगदान पुऱ्याउने सम्बन्धित व्यक्ति, संस्था वा समुदायसँग सम्झौता गर्नु पर्नेछ।

(२) राष्ट्रिय वा अन्तरराष्ट्रिय बजारमा कार्बन क्रेडिट बिक्री गर्दा प्रस्तावकले त्यस्तो क्रेडिट खरिद गर्ने राष्ट्रिय वा अन्तरराष्ट्रिय क्रेतासँग सम्झौता गर्नु पर्नेछ।

(३) प्रस्तावकले उपनियम (१) र (२) बमोजिम भएका सम्झौताको प्रमाणित प्रति मन्त्रालयमा पेस गर्नु पर्नेछ।

१२. **मापन, रिपोर्टिङ तथा प्रमाणीकरण** : (१) उत्सर्जन न्यूनीकरण गरेको कार्बनको मापन, रिपोर्टिङ तथा प्रमाणीकरण पेरिस सम्झौता वा सो सम्झौता अन्तर्गतका संयन्त्रबाट मान्यता प्राप्त निकायको मापदण्ड बमोजिम हुनु पर्नेछ।

(२) उत्सर्जन न्यूनीकरण गरेको कार्बनको मापन र रिपोर्टिङ आयोजना प्रस्तावकले गर्नु पर्नेछ। यसरी पेश भएको विवरणको प्रमाणीकरण पेरिस सम्झौता वा सो सम्झौता अन्तर्गतका संयन्त्रबाट मान्यता प्राप्त स्वतन्त्र तेस्रो पक्षले गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको पक्षले प्रमाणीकरण गरेको प्रतिवेदन निर्धारित राष्ट्रिय निकायमा पेस गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम प्रमाणीकरण गरी जारी भएको कार्बन क्रेडिटको प्रमाणपत्रमा उल्लेख भएको परिमाण कार्बन क्रेडिटको रूपमा गणना हुनेछ।

(५) पेरिस सम्झौता वा सो सम्झौता अन्तर्गतका संयन्त्रबाट मान्यता प्राप्त निकायको मापदण्ड पालना गरी बनाएको मापन, रिपोर्टिङ वा प्रमाणीकरण प्रतिवेदनमा कार्बन क्रेडिटको दोहोरो गणना नभएको सुनिश्चित निर्धारित राष्ट्रिय निकाय वा सो निकायले तोकेको निकायले गर्नु पर्नेछ।

१३. **राष्ट्रिय कार्बन रजिष्ट्री** : (१) कार्बन व्यापारलाई व्यवस्थित रूपले अभिलेख राख्न राष्ट्रिय कार्बन रजिष्ट्री बनाउनु पर्नेछ।

(२) राष्ट्रिय कार्बन रजिष्ट्रीको केन्द्रीय निकायको रूपमा मन्त्रालयले कार्य गर्नेछ। रजिष्ट्रीको सञ्चालन कार्यविधि मन्त्रालयले स्वीकृत गरे बमोजिम हुनेछ।

(३) वन क्षेत्रको कार्बन रजिष्ट्री गर्ने कार्य मन्त्रालय मातहतको रेड कार्यान्वयन केन्द्रले गर्नेछ।

(४) मन्त्रालयले नेपाल सरकारका विषयगत मन्त्रालयहरूलाई समेत रजिष्ट्रीको अधिकार प्रदान गर्न सक्नेछ।

(५) यस नियम बमोजिम राष्ट्रिय कार्बन रजिष्ट्रीको व्यवस्था नभएसम्मको लागि कार्बन क्रेडिट र कार्बन क्रेडिटको बिक्री र स्थानान्तरणको अभिलेख राख्न मन्त्रालयले पेरिस सम्झौता वा सो सम्झौता अन्तर्गतका संयन्त्रले नेपाललाई उपलब्ध गराएको अन्तरराष्ट्रिय रजिष्ट्रीको प्रयोग गर्न सक्नेछ।

(६) निर्धारित राष्ट्रिय निकायले क्षेत्रगत कार्बन क्रेडिटलाई व्यवस्थित बनाउन उपनियम (१) बमोजिमको रजिष्ट्रीमा सम्बन्धित मन्त्रालयलाई पहुँच प्रदान गर्न सक्नेछ।

१४. **राष्ट्रिय निर्धारित योगदानको लागि गणना गरिने परिमाण** : (१) नियम १२ को उपनियम (४) बमोजिम प्रमाणीकरण गरी जारी भई कार्बन क्रेडिटको रूपमा गणना भएको कुल कार्बन क्रेडिटको परिमाणमध्ये पाँच प्रतिशत कार्बन क्रेडिटको परिमाण नेपालको राष्ट्रिय निर्धारित योगदानमा गणना हुनेछ।

(२) नेपाल सरकारले उपनियम (१) बमोजिम छुट्याएको प्रतिशतमा थपघट गर्नु पर्ने भएमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थपघट गर्न सक्नेछ ।

१५. **कार्बन क्रेडिटको बिक्री शुल्क** : (१) प्रस्तावकले नियम १२ को उपनियम (४) बमोजिम कार्बन क्रेडिटको प्रमाणपत्रमा उल्लेख भएको कार्बन क्रेडिटमा नियम १४ बमोजिमको राष्ट्रिय निर्धारित परिमाणलाई घटाई बाँकी कार्बन क्रेडिटको हकमा प्रस्तावकले प्रतिटन एक सय रुपैयाँको दरले हुन आउने शुल्क भुक्तान गरी कार्बन क्रेडिटको बिक्री गर्न वा गराउन सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ३ बमोजिम सम्झौता भएको विषयमा सोही सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(३) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्वमा रहेका सरकारी संस्था वा निकायले त्यस्तो

संस्था वा निकायको सम्पर्क मन्त्रालयको सहमति लिई र स्थानीय तह अन्तर्गतका वा स्थानीय तहको स्वामित्वमा रहेका सरकारी संस्था वा मातहतको निकायले स्थानीय तहको कार्यपालिकाको सहमति लिई कार्बन क्रेडिट बिक्री गर्नु पर्नेछ।

१६. **अनुरूप समायोजन** : (१) प्रस्तावकले कार्बन व्यापार सम्बन्धी आयोजना अवधारणापत्र तथा आयोजना दस्तावेज तयार गर्दा कार्बन क्रेडिटको परिमाण दोहोरो गणना नहुने गरी गर्नु पर्नेछ।

(२) निर्धारित राष्ट्रिय निकायले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा निजी क्षेत्रले अन्तरराष्ट्रिय रूपमा गरेको कार्बन व्यापारको अनुरूप समायोजन गर्नु पर्नेछ।

(३) नियम ३ बमोजिम भएका सम्झौताको हकमा अनुरूप समायोजन त्यस्तो सम्झौताको सर्तमा उल्लेख भए बमोजिम हुनेछ।

(४) कार्बन क्रेडिटको बिक्री गरी हस्तान्तरण गर्दा निर्धारित राष्ट्रिय निकायको सहमति लिनु पर्नेछ।

(५) अनुरूप समायोजन सम्बन्धमा सारभूत रूपमा असर नपर्ने कुनै त्रुटि भएको पाइएमा निर्धारित राष्ट्रिय निकायले त्यस्तो त्रुटिलाई सच्याउन सक्नेछ।

(६) पेरिस सम्झौता बमोजिमको कार्बन क्रेडिट गर्ने संयन्त्र अन्तर्गत रहेर कार्बन क्रेडिटको स्थानान्तरण भएको वा स्वैच्छिक कार्बन बजारमा बिक्री भएको कार्बन क्रेडिटको कारण कुनै प्रकारको दायित्व उत्पन्न भएमा त्यसरी उत्पन्न भएको सम्पूर्ण दायित्व प्रस्तावकले व्यहोर्नु पर्नेछ।

१७. **कार्बन क्रेडिटको मूल्य निर्धारण** : (१) नेपाल सरकार र कार्बन क्रेडिट खरिद गर्ने विदेशी सरकारबिच भएको कार्बन व्यापार सम्झौतामा कार्बन क्रेडिटको मूल्य निर्धारण भएकोमा कार्बन क्रेडिटको मूल्य सोही सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(२) नेपाल सरकारले कुनै अन्तरराष्ट्रिय सन्धि वा सन्धिबाट स्थापित संयन्त्र वा संस्था वा व्यावसायिक निकाय वा निजी क्षेत्रलाई कार्बन बिक्री गर्दा द्विपक्षीय वार्ताको माध्यमबाट समेत कार्बन क्रेडिटको मूल्य निर्धारण गरी बिक्री गर्न सक्नेछ।

(३) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्वमा रहेका वा प्रचलित कानून बमोजिम

स्थापना भएका सरकारी निकायले अन्तरराष्ट्रिय रूपमा खुला प्रतिस्पर्धाद्वारा बोलकबोलको माध्यमबाट कार्बन क्रेडिटको मूल्य निर्धारण गरी बिक्री गर्न सक्नेछन्।

(४) उपनियम (३) बमोजिमको अन्तरराष्ट्रिय बोलकबोल गर्दा सार्वजनिक निकायले कार्बन क्रेडिट खुलाएर विद्युतीय माध्यमबाट बोलकबोल गराउनु पर्नेछ।

(५) निजी क्षेत्रबाट विकास भएका आयोजनाले प्राप्त गरेको कार्बन क्रेडिटको मूल्य निर्धारण निजी क्षेत्रले अन्तरराष्ट्रिय कार्बन बजारमा चलेको बजार मूल्यका आधारमा क्रेता र बिक्रेताबिच भएको सम्झौतामा निर्धारण गरी बिक्री गर्न सक्नेछन्।

(६) स्वैच्छिक कार्बन बजारमा कार्बन व्यापार गर्ने आयोजनाले प्राप्त गरेको कार्बन क्रेडिटको मूल्य निर्धारण त्यस्तो प्रस्तावकले क्रेतासँग गरेको सम्झौतामा निर्धारण भए बमोजिम बिक्री गर्न सक्नेछ।

१८. **<u>कार्बन व्यापारबाट हुने लाभको बाँडफाँड</u>** : (१) कार्बन व्यापारबाट हुने लाभको बाँडफाँड प्रस्तावकले आयोजना दस्ताबेजमा पेस गरे बमोजिमको लाभ बाँडफाँड योजनाको आधारमा हुनेछ।

(२) उपनियम (१) बमोजिम पेस भएको लाभ बाँडफाँड योजना मन्त्रालयले परिमार्जन गर्न आवश्यक देखेमा प्रस्तावकलाई सो को जानकारी दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र परियोजना प्रस्तावकले परिमार्जित लाभ बाँडफाँड योजना पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त योजना मन्त्रालयले स्वीकृत गर्न सक्नेछ।

(५) प्रस्तावक कार्बन व्यापार गर्ने निजी क्षेत्रको संस्था वा कम्पनी भएमा उपनियम (१) बमोजिमको लाभ बाँडफाँड योजना बनाउँदा प्राप्त भएको लाभको दश प्रतिशत रकम नेपाल सरकारलाई छुट्याउनु पर्नेछ र यसरी छुट्याइएको लाभको प्रतिशत उपनियम (२) बमोजिम परिमार्जन गर्न सकिने छैन।

(६) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएका निकाय वा प्रचलित कानून बमोजिम स्थापना भएका सरकारी संस्थाले कार्बन व्यापार गर्दा प्राप्त लाभ सम्बन्धित निकाय वा संस्थाको कोषमा जम्मा गर्नु पर्नेछ।

(७) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा तिनीहरूको मातहतका निकायले लगानी गरी विकास गरेको आयोजनाको हकमा प्राप्त लाभ सम्बन्धित सरकार वा स्थानीय तहको सञ्चित कोष वा आयोजना विकास गर्ने सम्झौतामा उल्लेख भए बमोजिमको कोषमा जम्मा गर्नु पर्नेछ।

(८) निजी क्षेत्रले लगानी गरी विकास गरेको आयोजनाबाट कार्बन व्यापार गर्दा प्राप्त लाभ आयोजना दस्तावेजमा उल्लेख गरिएको लाभ बाँडफाँड योजना अनुसार बाँडफाँड गर्नु पर्नेछ।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय वन सम्बन्धी कार्बन व्यापारबाट प्राप्त लाभको बाँडफाँड प्रचलित वन सम्बन्धी सङ्घीय कानून बमोजिम हुनेछ।

(१०) कार्बन क्रेडिट सहलाभको रूपमा प्राप्त हुने आयोजनाको लाभ बाँडफाँड त्यस्तो आयोजना विकास गर्ने सम्झौतामा उल्लेख भएकोमा सोही सम्झौता बमोजिम र त्यस्तो सम्झौतामा उल्लेख नभएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरे बमोजिम लाभ बाँडफाँड गर्नु पर्नेछ।

(११) विदेशी लगानीबाट यस नियमावली बमोजिम सञ्चालित आयोजनाले प्राप्त गरेको लाभ त्यस्तो विदेशी लगानीको अनुपातमा प्राप्त हुने प्रतिफल बराबरको विदेशी मुद्रा प्रस्तावकले नेपाल बाहिर लैजानु परेमा विदेशी लगानी सम्बन्धी प्रचलित कानून बमोजिम लैजान पाउनेछ।

१९. **स्वीकृतिपत्र रद्द गर्न सक्ने** : यस नियमावली बमोजिम स्वीकृतिपत्र प्राप्त प्रस्तावकले देहायको कुनै कार्य गरेमा प्राप्त स्वीकृतिपत्र मन्त्रालयले रद्द गर्न सक्नेछ :-

(क) आयोजना विकास गर्दा यस नियमावलीको उल्लङ्घन गरेमा,

(ख) जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रारूप महासन्धि वा सो महासन्धिसँग सम्बन्धित सम्झौता र संयन्त्रहरूको पालना नगरेमा, वा

(ग) मन्त्रालय वा निर्धारित राष्ट्रिय निकायमा गलत प्रतिवेदन वा झुट्टा कागजात पेस गरेमा।

२०. **वार्षिक प्रगति विवरण पेस गर्नुपर्ने** : (१) प्रस्तावकले प्रत्येक वर्ष सम्पन्न गरेको कार्बन व्यापारको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र निर्धारित राष्ट्रिय निकायमा पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा निर्धारित राष्ट्रिय निकायले तोके बमोजिमका विषय समावेश गर्नु पर्नेछ।

(३) निर्धारित राष्ट्रिय निकायले प्रत्येक दुई वर्षमा अनुरूप समायोजन भएको विवरणलाई समावेश गरी द्विवार्षिक प्रतिवेदन जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रारूप महासन्धिको सचिवालयमा पेस गर्नु पर्नेछ।

## परिच्छेद-३

## संस्थागत संरचना

२१. **निर्धारित राष्ट्रिय निकाय** : (१) मन्त्रालयले निर्धारित राष्ट्रिय निकायको रूपमा काम गर्नेछ।

(२) निर्धारित राष्ट्रिय निकायले कार्बन व्यापारलाई व्यवस्थित गर्ने काम गर्नेछ।

(३) निर्धारित राष्ट्रिय निकायको सचिवालयको काम मन्त्रालय अन्तर्गतको जलवायु परिवर्तन तथा व्यवस्थापन महाशाखाले गर्नेछ।

२२. **निर्देशक समिति** : कार्बन व्यापार सम्बन्धमा नीतिगत मार्गदर्शन, समन्वय तथा सहजीकरण गर्नको लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय - सदस्य

(घ) सहसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(ङ) सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

(च) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(छ) सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य

(ज) सहसचिव, सहरी विकास मन्त्रालय - सदस्य

(झ) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(ञ) प्रमुख, रेड कार्यान्वयन केन्द्र - सदस्य

(ट) निर्देशक, नेपाल राष्ट्र बैङ्क - सदस्य

(ठ) कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र - सदस्य

(ड) प्रमुख, जलवायु परिवर्तन व्यवस्थापन महाशाखा - सदस्य-सचिव

२३. **निर्देशक समितिको बैठक** : (१) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) निर्देशक समितिको सदस्य-सचिवले निर्देशक समितिको अध्यक्षसँग परामर्श गरी बैठक बोलाउनेछ र बैठक बोलाउँदा बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा अठ्चालिस घण्टा अगावै सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

(३) निर्देशक समितिको बैठकमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) निर्देशक समितिको बैठकको निर्णय सर्वसम्मत रूपमा गरिनेछ। सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यको बहुमतबाट निर्णय गरिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) निर्देशक समितिले बैठकमा कार्बन व्यापार सम्बन्धी विज्ञलाई समेत आमन्त्रण गर्न सक्नेछ।

(६) निर्देशक समितिको बैठकको निर्णय निर्देशक समितिको अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ।

(७) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२४. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार** : कार्बन व्यापार सम्बन्धमा निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नीतिगत मार्गदर्शन गर्ने,

(ख) राष्ट्रिय प्राथमिकताहरू तोक्ने,

(ग) सरोकारवाला निकायबिच समन्वय गर्ने,

(घ) व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(ङ) व्यवस्थापन समितिले बनाएका मार्गदर्शन स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(च) विज्ञको रोष्टर स्वीकृत गर्ने, र

(छ) आवश्यक नीति निर्माणको लागि मन्त्रालयमा सिफारिस गर्ने।

२५. **कार्बन व्यापार व्यवस्थापन समिति** : कार्बन व्यापार व्यवस्थापन गर्न मन्त्रालय अन्तर्गत देहाय बमोजिमको कार्बन व्यापार व्यवस्थापन समिति रहनेछ :-

(क) प्रमुख, जलवायु परिवर्तन व्यवस्थापन महाशाखा – अध्यक्ष

(ख) उपसचिव, अर्थ मन्त्रालय – सदस्य

(ग) उपसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय – सदस्य

(घ) उपसचिव, रेड कार्यान्वयन केन्द्र – सदस्य

(ङ) उपसचिव, आयोजनासँग सम्बन्धित मन्त्रालय - सदस्य

(च) उपनिर्देशक, नेपाल राष्ट्र बैङ्क - सदस्य

(छ) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको उपसचिवस्तरको प्रतिनिधि - सदस्य

(ज) उपसचिव, कार्बन व्यापार सम्बन्धी विषय हेर्ने मन्त्रालय – सदस्य-सचिव

२६. **व्यवस्थापन समितिको बैठक** : (१) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) व्यवस्थापन समितिको सदस्य-सचिवले अध्यक्षसँग परामर्श गरी बैठक बोलाउनेछ र बैठक बोलाउँदा बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा अठ्चालिस घण्टा अगावै सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

(३) व्यवस्थापन समितिको बैठकमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) व्यवस्थापन समितिको बैठकको निर्णय सर्वसम्मत रूपमा गरिनेछ। सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यको बहुमतबाट निर्णय गरिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) व्यवस्थापन समितिले बैठकमा कार्बन व्यापार सम्बन्धी विज्ञलाई समेत आमन्त्रण गर्न सक्नेछ।

(६) व्यवस्थापन समितिको बैठकको निर्णय सो समितिको अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ।

(७) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२७. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्बन व्यापारसँग सम्बन्धित मार्गदर्शन बनाई निर्देशक समितिमा पेस गर्ने,

(ख) निर्धारित राष्ट्रिय निकायलाई कार्बन व्यापारको क्रममा प्राविधिक विषयमा सहयोग गर्ने,

(ग) कार्बन व्यापार सम्बन्धी विषयगत विज्ञताको आधारमा विज्ञको रोष्टर तयार गरी स्वीकृतिको लागि निर्देशक समितिमा पेस गर्ने,

(घ) कार्बन आयोजनाको प्राथमिकीकरण गर्ने,

(ङ) कार्बन व्यापार सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने वा गराउन सक्ने र त्यस्तो अनुसन्धान प्रतिवेदन निर्देशक समितिसमक्ष पेस गर्ने।

## परिच्छेद-४

## विविध

२८. **गैरबजारमुखी कार्बन आयोजना** : (१) कुनै सरकारी निकाय, गैरसरकारी संस्था वा निजी क्षेत्रको फर्म, कम्पनी वा प्रतिष्ठानले गैरबजारमुखी कार्बन व्यापार आयोजना विकास गरी कार्यान्वयन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै गैरसरकारी संस्थाले सञ्चालन गर्ने गैरबजारमुखी आयोजनाको हकमा समाज कल्याण परिषद् ऐन, २०४९ र समाज कल्याण परिषद् नियमावली, २०४९ बमोजिम स्वीकृत भएको हदसम्म आयोजना प्रस्ताव व्यवस्थापन समितिले परिच्छेद-३ बमोजिम मूल्याङ्कन गरी मन्त्रालयले कार्यान्वयन गर्ने अनुमति दिन सक्नेछ।

(३) उपनियम (१) बमोजिम कुनै निजी क्षेत्रको फर्म, कम्पनी वा प्रतिष्ठानले सञ्चालन गर्ने आयोजनाको स्वीकृति परिच्छेद-३ बमोजिम हुनेछ।

(४) स्वेच्छिक कार्बन व्यापार आयोजनाको हकमा गैरसरकारी संस्थाले भएमा उपनियम (२) बमोजिम र निजी क्षेत्रको फर्म, कम्पनी वा प्रतिष्ठानले भएमा उपनियम (३) बमोजिम अनुमति लिनु पर्नेछ।

२९. **नेपालभित्र कार्बन व्यापार गर्न सकिने** : (१) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्वमा रहेका सरकारी संस्था वा निकाय वा निजी क्षेत्रले यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी नेपालभित्रको स्वैच्छिक कार्बन बजारमा भाग लिई कार्बन व्यापार गर्न सक्नेछन्।

(२) उपनियम (१) बमोजिम नेपालभित्रको कार्बन व्यापार सम्बन्धी अन्य व्यवस्था मन्त्रालयबाट स्वीकृत मार्गदर्शन बमोजिम हुनेछ।

३०. **स्वच्छ विकास संयन्त्र अन्तर्गतका कार्बन आयोजना** : (१) यो नियमावली प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी कार्यान्वयनमा रहेका स्वच्छ विकास संयन्त्र अन्तर्गतका कार्बन आयोजना यसै नियमावली बमोजिम स्वीकृत भएको मानिनेछ।

(२) उपनियम (१) बमोजिमको आयोजनाबाट उत्पन्न भएको कार्बन क्रेडिट निर्धारित राष्ट्रिय निकायको सहमतिमा स्थानान्तरण वा हस्तान्तरण गर्न सकिनेछ।

(३) मन्त्रालयले उपनियम (१) बमोजिमका आयोजनासँग सम्बन्धित कागजात माग गर्न सक्नेछ।

(४) उपनियम (१) बमोजिमका आयोजनाले यस नियमावलीले तोकेको दस्तुर तथा शुल्क मन्त्रालयमा बुझाउनु पर्नेछ।

३१. **अन्तरराष्ट्रिय सम्झौताको पालना** : यस नियमावली बमोजिम अन्तरराष्ट्रिय रूपमा कार्बन व्यापार गर्दा प्रस्तावकले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रारूप महासन्धि तथा सो महासन्धि अन्तर्गतका सम्झौता र संयन्त्रहरूको पालना गर्नु पर्नेछ।

३२. **समन्वय तथा सहजीकरण** : निर्धारित राष्ट्रिय निकायले कार्बन व्यापार गर्ने सम्बन्धमा सरोकारवाला मन्त्रालय, निकाय र प्रस्तावकसँग आवश्यक समन्वय तथा सहजीकरण गर्नु पर्नेछ।

३३. **अनुगमन गर्न सक्ने** : (१) मन्त्रालय, क्षेत्रगत मन्त्रालय वा सम्बन्धित निकाय वा तहले आयोजनाको आवश्यक अनुगमन गर्न सक्नेछन्।

(२) उपनियम (१) बमोजिम अनुगमन गरेकोमा सोको प्रतिवेदन निर्धारित राष्ट्रिय निकायमा पेस गर्नु पर्नेछ।

३४. **स्वीकृतिपत्र प्राप्त नगरी आयोजना विकास गर्न नहुने** : (१) कसैले पनि मन्त्रालयबाट स्वीकृतिपत्र प्राप्त नगरी कार्बन व्यापारको लागि आयोजना विकास वा कार्बन क्रेडिटको बिक्री गर्नु हुँदैन ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयबाट स्वीकृतिपत्र प्राप्त नगरी कार्बन व्यापारको लागि आयोजना विकास गरेमा वा कार्बन क्रेडिटको बिक्री गरेमा त्यस्तो आयोजनासँग सम्बद्ध चल अचल सम्पत्ति प्रचलित कानून बमोजिम जफत गरिनेछ ।

**३५.** **<u>अनुसूची हेरफेर गर्नसक्ने</u>** : मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

**३६.** **<u>खारेजी र बचाउ</u>** : (१) वातावरण संरक्षण नियमावली, २०७७ को नियम २८, २९, ३० र ३१ खारेज गरिएको छ।

(२) उपनियम (१) बमोजिम खारेज भएका नियमहरू बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

नेपाल कानून आयोग

## अनुसूची-१

(नियम २ को खण्ड (थ), नियम ४ को उपनियम (३) र नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

आयोजना विकास गरिने क्षेत्र

१. **नवीकरणीय ऊर्जा विकासको क्षेत्र** :

(क) कार्बन उत्सर्जन न्यूनीकरण उद्देश्यले स्वच्छ ऊर्जा अन्तर्गत प्रस्तावित जलविद्युत, सौर्य, वायु, तथा जैविक ऊर्जा सम्बन्धी आयोजना,

(ख) यस अन्तर्गत राष्ट्रिय प्रशारणमा जोडिन नसकेका ग्रामीण समुदायको पहलमा प्रस्तावित साना तथा मझौला ऊर्जा प्रणालीहरू।

२. **ऊर्जा सदुपयोग तथा दक्षता तथा स्वच्छ ऊर्जा रूपान्तरणका क्षेत्र** :

(क) वस्तु तथा सेवाको उत्पादन तथा प्रशोधनको क्रममा कार्बन उत्सर्जन घटाउन उपयोगी हुने औद्योगिक ऊर्जा दक्षता कार्यक्रम,

(ख) सहरी तथा ग्रामीण ऊर्जा खपत तथा बचत सम्बन्धी उन्नत चुलो लगायतका आयोजना।

३. **कृषि, वन तथा अन्य भू-उपयोग सम्बन्धी क्षेत्र** :

राष्ट्रिय वन, निजी वन, कृषि भूमि तथा अन्य भू-उपयोग गर्दा कार्बन सञ्चितिकरण वृद्धि गर्ने उद्देश्यले कृषि, वन प्रवर्द्धन कार्यक्रम, खाली क्षेत्रमा वृक्षरोपण कार्यक्रम, प्राकृतिक पुनरूत्थान कार्यक्रम तथा दिगो वन व्यवस्थापन कार्यक्रममा आधारित आयोजना।

४. **फोहोरमैला व्यवस्थापनको क्षेत्र** :

हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्ने उद्देश्यका साथ फोहोरमैलाबाट ऊर्जा उत्पादन गर्ने आयोजना तथा ल्यान्डफिल साइटमा उत्सर्जन घटाउन गरिएका फोहोरमैला व्यवस्थापन प्रणाली।

५. **यातायात क्षेत्र** :

नेपाल कानून आयोग

जिवाष्म ग्यासको उपयोग घटाउने तथा पूँजी पलायन रोक्ने उद्देश्यका साथ प्रस्तावित विद्युतीय सवारी साधन र पूर्वाधार तथा दिगो सार्वजनिक यातायात प्रणाली।

६. **अनुकूलन र उत्थानशील लाभ हुने क्षेत्र** :

खाद्य सुरक्षा, पानीको सुरक्षा, स्वास्थ्य सुरक्षा, जैविक विविधता संरक्षण, वायु प्रदुषण नियन्त्रण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन जस्ता जलवायु परिवर्तनको अनुकूल तथा कार्बन उत्सर्जन न्यूनीकरण गरी हरित अर्थतन्त्र तथा चक्रीय अर्थतन्त्रमा टेवा पुऱ्याउने आयोजना।

नेपाल कानून आयोग

# अनुसूची -२

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

आयोजना अवधारणापत्रको ढाँचा

| क्र.सं. | आयोजना अवधारणापत्र पेस गर्ने प्रस्तावकको विवरण : | | |
|---|---|---|---|
| १. | आयोजनाको नाम : | | |
| २. | प्रस्तावकको प्रकार (रेजा (√) लगाउने) : | सरकारी (...) | निजी (...) |
| ३. | प्रस्तावकको ठेगाना : | प्रदेश :<br>स्थानीय तह : ................वडा नं. ........<br>कम्पनी दर्ता नं.         दर्ता मितिः............ | |
| ४. | आयोजनको प्रमुख उद्देश्य : (प्रमुख उद्देश्य मात्र उल्लेख गर्ने) | | |
| ५. | आयोजनाको विवरण : (बढीमा पाँच सय शब्दमा लेख्ने) | | |
| ६. | आयोजनाले गर्न चाहेको अनुमानित कार्बन व्यापारको मात्रा : | | |
| ७. | आयोजनाको अनुमानित लागत : | | |
| ८ | आयोजनाबाट हुने लाभ बाँडफाँड योजनाको अनुमानित खाका : | | |
| ९. | कार्बन व्यापार गर्दा संलग्न हुने अन्तरराष्ट्रिय कम्पनीको विवरण (नाम, ठेगाना, इमेल र फोन नम्बर) : | | |
| १०. | आयोजना कार्यन्वयन गर्न चाहेको क्षेत्र (रेजा (√) लगाउने) : | १. नवीकरणीय ऊर्जा विकासको क्षेत्र<br>२. ऊर्जा सदुपयोग तथा दक्षता सुधारको क्षेत्र | |

| | | |
|---|---|---|
| | | ३. कृषि,वन तथा अन्य भू-उपयोग सम्बन्धी क्षेत्र<br>४. फोहोरमैला व्यवस्थापनको क्षेत्र<br>५. यातायात क्षेत्र<br>६. अनुकूलन र उत्थानशील लाभ हुने क्षेत्र |
| ११. | प्रस्तावकले कार्बन व्यापार गर्न चाहेको प्रस्तावित संयन्त्र (रेजा (√) लगाउने) : | १. पेरिस सम्झौता बमोजिमको कार्बन क्रेडिटिङ गर्ने संयन्त्र अन्तर्गत रहेर कार्बन क्रेडिट बिक्री गर्ने आयोजना<br>२. बुँदा नं. १ नभई स्वैच्छिक कार्बन बजारमा कार्बन क्रेडिट बिक्री गर्ने आयोजना। |
| १२. | आयोजना कार्यान्वयन हुने प्रस्तावित स्थानः | प्रदेश :<br>स्थानीय तह :<br>वडा नं. :<br>टोल : |
| १३. | सम्पर्क अधिकृत विवरणः | नाम :<br>पद :<br>कम्पनीको नाम :<br>इमेल :<br>फोन नम्बर :<br>वेबसाइट ठेगाना : |
| १४. | **<u>संलग्न गर्नुपर्ने कागजातहरू</u> :**<br>१. प्रस्तावक कम्पनी भए कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,<br>२. प्रस्तावक विदेशी कम्पनी र नेपाली कम्पनीको संयुक्त उपक्रम भएमा सोको विवरण | |

नेपाल कानून आयोग

| | |
|---|---|
| | र त्यस्तो विदेशी कम्पनीको नेपालमा संस्थापना भएको कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,<br>३. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,<br>४. अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा आय विवरण पेस गरेको वा आय विवरण पेस गर्ने म्याद थप गरेको कागजात, निस्सा वा प्रमाणको प्रमाणित प्रतिलिपि,<br>५. जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रारूप महासन्धि र सो अन्तर्गतका सम्झौता वा संयन्त्रले निर्धारण गरेका अन्य कुनै विवरण र कागजात निर्धारण गरेको भएमा सोको आधारमा मन्त्रालयले निर्धारण गरेको विवरण तथा कागजात,<br>६. आयोजना कार्यान्वयन हुने सम्बन्धित स्थानीय तहको सिफारिसपत्र,र<br>७. आयोजनाको बारेमा प्रस्तावकले खुलाउन चाहेको अन्य विवरण सम्बन्धी कागजात। |

द्रष्टव्यः

पेरिस सम्झौता वा सो सम्झौता अन्तर्गतका संयन्त्रबाट मान्यता प्राप्त संस्थाको मापदण्ड बमोजिमको ढाँचामा दस्तावेज तयार गर्नु परेमा यस अनुसूचीमा उल्लिखित विषय समावेश हुनेगरी आयोजना दस्तावेज तयार गर्न सकिनेछ।

## अनुसूची -३

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

<u>आयोजना दस्तावेजको ढाँचा</u>

<table>
<tr><td>क्र.सं.</td><td colspan="3">आयोजना दस्तावेज पेस गर्ने प्रस्तावकको विवरण</td></tr>
<tr><td>१.</td><td colspan="3">आयोजनाको नाम :</td></tr>
<tr><td>२.</td><td>प्रस्तावकको प्रकार (रेजा (√) लगाउने) :</td><td>सरकारी (...)</td><td>निजी (...)</td></tr>
<tr><td>३.</td><td>आयोजना दस्तावेजको लागि प्रदान गरिएको सहमति पत्र :</td><td>मिति :</td><td>चलानी नं. :</td></tr>
<tr><td>४.</td><td>प्रस्तावकको ठेगाना :</td><td colspan="2">प्रदेश :<br>स्थानीय तह : ................. वडा नं. ......<br>कम्पनी दर्ता नं................ दर्ता मिति : ............</td></tr>
<tr><td>५.</td><td colspan="3">आयोजनको संक्षिप्त विवरणः</td></tr>
<tr><td>६.</td><td colspan="3">आयोजनाको पृष्ठभूमी :</td></tr>
<tr><td>७.</td><td colspan="3">आयोजनाको उद्देश्य :</td></tr>
<tr><td>८.</td><td colspan="3">आयोजनाको कार्यविधि :</td></tr>
<tr><td>९.</td><td colspan="3">आयोजनाको कार्य क्षेत्रको विवरण :</td></tr>
<tr><td>१०.</td><td colspan="3">लाभाग्राहीको सङ्ख्या (अनुसूचीमा नाम, ठेगाना राख्नु पर्ने) :</td></tr>
<tr><td>११.</td><td colspan="3">आयोजना नेपाली कम्पनी वा नेपाली कम्पनी र विदेशी कम्पनीको संयुक्त उपक्रम</td></tr>
</table>

| | | |
|---|---|---|
| | भएमा सोको विवरण : | |
| १२. | आयोजनाले अवलम्बन गर्ने सामाजिक,आर्थिक र वातावरणीय जोखिम न्यूनीकरणका उपाय : | |
| १३. | आयोजनाको क्रियाकलापको विस्तृत विवरण : | |
| १४. | आयोजनाले दिगो विकास लक्ष्यमा पुऱ्याउने योगदानको विवरण : | |
| १५. | आयोजनाले राष्ट्रिय निर्धारित योगदानमा पुऱ्याउने योगदानको विवरण : | |
| १६. | आयोजना कार्यान्वयनको खाका : | |
| १७. | लाभ बाँडफाँड योजनाको खाका : | |
| १८. | कार्बन क्रेडिटको मापन, अभिलेखीकरण, रिपोर्टिङ र प्रमाणीकरण गर्ने तरिका : | |
| १९. | आयोजनाको अनुमानित उपलब्धि : | |
| २०. | आयोजना अनुगमन तथा मूल्याङ्कनको विधि र पृष्ठपोषण : | |
| २१. | आयोजनाको नवीकरण तथा बहिर्गमन रणनीति : | |
| २२. | आयोजनाले कार्बन व्यापार गर्न चाहेको कार्बन क्रेडिटको अनुमानित परिमाण : | |
| २३. | कार्बन व्यापार गर्दा संलग्न हुने अन्तरराष्ट्रिय कम्पनीको विवरण (नाम, ठेगाना, इमेल र फोन नम्बर) : | |
| २४. | सम्बन्धित स्थानीय सरोकारवालाहरूसँग गरिएको छलफल सम्बन्धी विवरण खुल्ने प्रमाण वा कागजात : | |
| २५. | आयोजना कार्यन्वयन गर्न चाहेको क्षेत्र (रेजा (√) लगाउने) : | १. नवीकरणीय ऊर्जा विकासको क्षेत्र<br>२. ऊर्जा सदुपयोग तथा दक्षता सुधारको क्षेत्र<br>३. कृषि, वन तथा अन्य भू-उपयोग सम्बन्धी क्षेत्र<br>४. फोहोरमैला व्यवस्थापनको क्षेत्र |

| | | |
|---|---|---|
| | | ५. यातायात क्षेत्र<br>६. अनुकूलन र उत्थानशील लाभ हुने क्षेत्र |
| २६. | प्रस्तावकले कार्बन व्यापार गर्न चाहेको प्रस्तावित संयन्त्र (रेजा (√) लगाउने) : | १. पेरिस सम्झौता बमोजिमको कार्बन क्रेडिटिङ गर्ने संयन्त्र अन्तर्गत रहेर कार्बन क्रेडिट बिक्री गर्ने आयोजना<br>२. बुँदा नं. १ नभई स्वैच्छिक कार्बन बजारमा कार्बन क्रेडिट बिक्री गर्ने आयोजना |
| २७. | आयोजना कार्यान्वयन हुने प्रस्तावित स्थान : | प्रदेश :<br>स्थानीय तह :<br>वडा नं. :<br>टोल : |
| २८. | सम्पर्क अधिकृत विवरण : | नाम :<br>पद :<br>कम्पनीको नाम :<br>इमेल :<br>फोन नम्बर :<br>वेबसाइट ठेगाना : |
| २९. | <u>संलग्न गर्नुपर्ने कागजातहरू</u> :<br>(क) प्रस्तावकको अघिल्लो आर्थिक वर्षको कर प्रमाणपत्र वा आय विवरण पेस गरेको वा आय विवरण पेस गर्ने म्याद थप गरेको कागजात, निस्सा वा प्रमाणको प्रमाणित प्रतिलिपि,<br>(ख) प्रस्तावकलाई आयोजना दस्तावेज तयार गर्न आयोजना अवधारणापत्रमा मन्त्रालयले दिएको सहमतिपत्र, | |

| | |
|---|---|
| | (घ) जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रारूप महासन्धि र सो अन्तर्गतका सम्झौता वा संयन्त्रले कुनै विवरण वा कागजात पेस गर्नुपर्ने गरी निर्धारण गरेको भएमा त्यस्तो विवरण वा कागजात। |

द्रष्टव्य :

पेरिस सम्झौता वा सो सम्झौता अन्तर्गतका संयन्त्रबाट मान्यता प्राप्त संस्थाको मापदण्ड बमोजिमको ढाँचामा दस्तावेज तयार गर्नु परेमा यस अनुसूचीमा उल्लिखित विषय समावेश हुने गरी आयोजना दस्तावेज तयार गर्न सकिनेछ।

नेपाल कानून आयोग